आज मिति २०८१ कार्तिक ३० गते शुक्रबारका दिन यस लिखुपिके गाउँपालिकाको अध्यक्ष श्री मिना कार्की (बस्नेत)को अध्यक्षतामा तपशील वमोजिमको कार्यपालिका सदस्यको उपस्थितिमा चालू आ.व. २०८१/०८२ को **छैटौं** गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णय गरियो:

**उपस्थिति**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री मिना कार्की (बस्नेत) | अध्यक्ष | |
| २. | श्री ङ्वाङ ल्हाक्पा शेर्पा | उपाध्यक्ष | |
| ३. | श्री मिङ्मार गेल्जे शेर्पा | १ नं. वडा अध्यक्ष | |
| ४. | श्री मणिराजा बस्नेत | २ नं. वडा अध्यक्ष | |
| ५. | श्री ध्रुबबहादुर बस्नेत | ३ नं. वडा अध्यक्ष | |
| ६. | श्री हिक्मतबहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष | |
| ७. | श्री ङिमाछिरि लामा | ५ नं. वडा अध्यक्ष | |
| ८. | श्री सोममाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ९. | श्री शोभादेवी लामिछाने | कार्यपालिका सदस्य | शोभा |
| १०. | श्री सबिता बि.क. | कार्यपालिका सदस्य | |
| ११. | श्री चित्रमाया बराईली | कार्यपालिका सदस्य | |
| १२. | श्री निरकुमार बि.क. | कार्यपालिका सदस्य | |
| १३. | श्री मानबहादुर भुजेल | कार्यपालिका सदस्य | मान |
| १४. | श्री काजीमान राई | सचिव | |

१. प्रस्ताव नम्बर १ उपर छलफल गर्दा मिति २०८१ असोज २९ गते बसेको चालू आ.व.को पाँचौं कार्यपालिका बैठकमार्फत् भएका निर्णयहरु के कति कार्यान्वयन भए र के कति भएनन् ? नहुनुका कारण के के हुन् भनेर व्यापक छलफल गरी कार्यान्वयन हुन बाँकी रहेको निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नम्बर २ उपर छलफल गर्दा यस गाउँपालिकाको वडा नम्बर ३ निवासी शिवबहादुर बस्नेतले मिति २०८१ असोज ३० गते भुण्डिएर आत्महत्या गरेको हुनाले सो सबलाई जिल्ला अस्पताल सल्लेरी, सोलुखुम्बुमा पोष्टमार्टम गर्नका लागि बा. ३ ख ३४९० को गाडीमा लगिएको हुँदा सो लगेवापतको गाडीभाडावापत रु. ५०,०००। सवारी चालक सञ्जिव बस्नेतलाई **विविध** शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

३. प्रस्ताव नम्बर ३ उपर छलफल गर्दा यस गाउँपालिकाको मातहतमा रहेको विद्यालयका शिक्षक रिणुमाया कार्की निवेदक रही गाउँपालिकाको कार्यालयलागयतलाई विपक्षी बनाइ दायर गरिएको मुद्धामा गाउँपालिकाको कार्यालयका तर्फबाट अधिवक्ता सुजित भुजेलले ५ वटा लिखित जवाफ तयार गरेको र २ पटक अदालतमा बहस गरेवापतको पारिश्रमिक एकमुष्ट रु. ६०,०००। माग दावी गरेको हुँदा आवश्यक कागजात संलग्न गरी **सेवा र परामर्श** शीर्षकबाट **रु. ६०,०००। (साठीहजार)** निजलाई भुक्तानी दिने निर्णय गरियो ।

गुम्बा नागधार सडक

४. प्रस्ताव नम्बर ४ उपर छलफल गर्दा यस गाउँपालिकाको वडा नम्बर १ स्थित मा गत बर्खायाममा परेको अविरल बर्षाका कारण पहिरो गइ सडक आवागमनमा क्षति पुग्न गई यातायातमा असहजता उत्पन्न भएको हुँदा सो सडक खण्ड निर्माण गर्नका लागि मौज्दात रकमबाट रु. ५००,०००। बजेट बिनियोजन गरि निर्माण गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नम्बर ५ उपर छलफल गर्दा मिति २०८१ कार्तिक ११ गतेदेखि २०८१ कार्तिक १३ गते रामेछाप जिल्लाको लिखु तामाकोशी गाउँपालिका वडा नम्बर २ मा सञ्चालन भएको गाउँपालिकास्तरीय लिगकम खुल्ला नकआउट भलिवल प्रतियोगितामा यस गाउँपालिकाको पालिकास्तरीय भलिबल टिमसहित समावेश भई सान्तवना पुरस्कार प्राप्त गर्न सफल भएको हुँदा सहभागी टिमलाई बधाइ दिँदै सो खेलमा सहभागी भएवापत भएको खर्चको बील भरपाइअनुसारको रकम **रु. ९०,०००। विविध** कार्यक्रम सञ्चालन खर्च शीर्षकबाट सो खेलका व्यवस्थापकलाई भुक्तानी दिने निर्णय गरियो ।

६. प्रस्ताव नम्बर ६ उपर छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०८०/०८१ लागि स्वीकृत कार्यक्रमअन्तर्गत एकीकृत सफ्टवेयर जडानका लागि स्वीकृत भएको बजेटबाट गाउँपालिकाको लागि आवश्यक रहेको **दर्ता, चलानी, राजश्व व्यवस्थापन, योजना व्यवस्थापन, न्यायिक समिति सञ्चालन, अपाङ्ग, जेष्ठ नागरिक परिचयपत्र व्यवस्थापनव्यवसाय दर्ता, PIS** सफ्टवेयरहरु जडानका लागि **रु. ९९०,२९८.१० (मू.अ.करसहित)** मा **श्री नेटवर्क एशोसिएसन प्रा.लि.,काठमाडौंसँग** सम्भौता भई कार्यादेश दिइएको । परामर्शदाता संस्थाले पहिलो पल्ट थप भएको समयभित्र **दर्ता, चलानी, परियोजना व्यवस्थापन, अपाङ्ग, जेष्ठ नागरिक परिचयपत्र व्यवस्थापन, व्यवसाय दर्ता, PIS** मात्र सफ्वेयर जडान गरी सो सफ्टवेयर पूर्ण रुपमा सञ्चालन आएको हुँदा परामर्शदाता संस्थालाई **रु. ४९५,१५०** मात्र भुक्तानी दिइएको । हाल आएर प्रशासन शाखा र सूचना प्रविधि शाखामार्फत् परामर्शदाता संस्थाले बाँकी सफ्टवेयर जडान सम्पन्न गरी पूर्ण रुपमा सञ्चालनमा आएको प्रतिवेदन प्राप्त भएको हुँदा सम्भौताअनुसारको बाँकी रकम **रु. ४९५,१४८।** भुक्तानी दिने निर्णय गरियो ।

७. प्रस्ताव नम्बर ७ उपर छलफल गर्दा यस गाउँपालिका मातहत रहेको चौलाखर्क स्वस्थ्य चौकीमा रिक्त रहेको अ.न.मी. पाँचौं तहमा स्थायी पदपूर्ती भएर नआइञ्जेल सम्मका लागि करार सेवामा पदपूर्ती गर्नका लागि विज्ञापन प्रकाशन गर्ने निर्णय गरियो । साथै यस गाउँपालिकाको बारौं गाउँसभाबाट स्वीकृत भएको दरबन्दी अनुसार रिक्त रहेको सर्भेक्षक पदमा करार सेवामा पदपूर्ती गर्नका लागि विज्ञापन प्रशासन गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नम्बर ८ उपर छलफल गर्दा यस गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्नका लागि स्थानीय जग्गादाताबाट करिब २२ रोपनी जग्गा निशुल्क रुपमा प्राप्त भइ सकेको हुँदा सो स्थानमा भवन निर्माणका लागि गाउँपालिकामार्फत् बिस्तृत परियोजन प्रतिवेदन स्वीकृत गरी आवश्यक कागजातसहित स्थानीय पूर्वाधार विभागमा बजेट मागको लागि पेश हुँदा रु. १० करोडसम्मको कूल लागतको हकमा सम्झौता अंकको ६० प्रतिशत बजेट उपलब्ध गराउने गरी ४७ वटा पालिकाभित्र छनोट भएको जानकारी कार्यालयमा हुन आएको । प्रशासकीय भवन निर्माणका लागि चालू आ.व. २०८१/०८२ को लागि गाउँसभामार्फत् **रु. २ करोड** बजेट विनियोजन भएको हुँदा स्टमेटअनुसारको कूल लागतमा नै बहुवर्षीय ठेक्का बन्दोबस्त गर्न सूचना प्रक्रिया अगाडी बढाउने र आवश्यक बजेटका लागि सम्बन्धित निकायहरुमा पहल जारी राख्ने निर्णय गरियो । यदि सम्बन्धित निकायबाट बजेट उपलब्ध हुन नसकेमा गाउँपालिकाले आफूलाई प्राप्त हुने बजेटबाट नै सो ठेक्कामा भएअनुसारको निर्माण कार्य पूरा गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नम्बर ९ उपर छलफल गर्दा यस गाउँपालिकामार्फत् आ.व. २०८०/०८१ मा सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको बारेमा महालेखा परिक्षकको कार्यालयबाट भएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनका सम्बन्धमा व्यापक छलफल गरियो । सो सम्वन्धमा कानुनअनुसार दाखिला गर्नु पर्ने बेरुजुहरुलाई दाखिला गर्ने, नियम सम्मत गर्नु पर्नेलाई नियमसम्मत गराउने र असुल उपर गर्नु पर्नेलाई असुलउपर गरी सम्परिक्षणका लागि पेश गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नम्बर १० उपर छलफल गर्दा यस सडक बोर्ड नपालमार्फत् आ.व. २०८१/०८२ का लागि रु. १८ लाख बजेट सिलिङ प्राप्त भएको हुँदा सो बजेटमा गाउँपालिकाको समपुरक कोषबाटरु. १२,००,०००। बजेट थप गरी कूल जम्मा **रु. ३०,००,०००।** बाट सडक निर्माणका लागि ठेक्कामार्फत् खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

११. प्रस्ताव नम्बर ११ उपर छलफल गर्दा प्रहरी सर्जमिन मुचुल्का समावेश गरी वडाकार्यालयको सिफारिसका आधारमा तपशील वमोजिमका नागरिकहरुलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो-

| क्र.सं. | नाम | घटना/कार्यक्रम | रकम | वडा नम्बर | शीर्षक |
|---|---|---|---|---|---|
| १. | सन्तबहादुर थामी | आगलागी | १००,००० | ५ | |
| २. | टोप बहादुर बस्नेत | पहिरो | ५०,००० | २ | |
| ३. | बेदबहादुर थापा | पहिरो | २०,००० | २ | |
| ४ | कर्म ल्हामू शेर्पा | बिरामी | २०,००० | १ | |
| ५. | डिमपासाङ लामा | सडक मर्मत | ७०,००० | ५ | मर्मतसम्भार कोष |
| ६. | लक्ष्मी बि.क. | बिरामी | २०,००० | ३ | |

१२. प्रस्ताव नम्बर १२ उपर छलफल गर्दा यस यस गाउँपालिकासँग सम्बन्धित विभिन्न कानुनी परामर्श र सेवा उपलब्ध गराउनका लागि आवश्यक रहेको १ जाना अधिवक्ता परामर्श सेवामार्फत् सेवा खरिद गर्नका लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

१३. प्रस्ताव नम्बर १३ उपर छलफल चालू आ.व. २०८१/०८२ का लागि हिमगंगा मा.वि.मा छात्राबास सञ्चालन गर्नका लागि विनियोजन भएको रकम रु. ३००,०००। सम्बन्धित विद्यालयको खातामा नै सोही विद्यालयबाट खर्च लेख्ने, लेखा राख्ने र लेखापरीक्षसमेत सोही विद्यालयबाट गाराउने गरी एकमुष्ट अनुदान निकाशा दिने निर्णय गरियो ।

१४. प्रस्ताव नम्बर १४ उपर छलफल गत आ.व. २०८०/०८१ मा लिखुपिके गाउँपालिकाभित्रको कक्षा ८ को परीक्षा सञ्चालन गर्नेक्रममा ८५ जना परिक्षार्थी सहभागी भई रु. ८४,४३० रुपैंया खर्च भएकोमा नियमानुसार प्रतिविद्यार्थी रु. २७५। का दरले हुने रु. २३,३७५ मात्र सशर्त अनुदानबाट खर्च गर्नु पर्नेमा सबै खर्च सशर्त अनुदानबाट नै भएको हुँदा बाँकी रकम रु. ६१,०५५। आन्तरिक स्रोतबाट शोधभर्ना गर्नु पर्ने भएकाले सो रकम आन्तरिक स्रोतबाट शोधभर्ना गर्ने निर्णय गरियो ।

१५. प्रस्ताव नम्बर १५ उपर छलफल गर्दा यस गाउँपालिकाको वडा नम्बर ५ र रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिकाको वडा नम्बर १ मा लामो समयदेखि देखिएको सिमा विवादका सम्बन्धमा पटक पटक सम्बन्धित निमायमा पत्राचार गर्दा समेत कुनै सुनुवाई नभएको हुँदा यस गाउँपालिकाले आफ्नो माग दावी पेश गर्नका लागि सम्बन्धित निमायमा कानुन व्यवसायीको सहायतामा मुद्धा दायर दायर गर्ने निर्णय गरियो । साथै सो कार्यका लागि लाग्ने पाश्रिमिक सेवा र परामर्श शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।